मिति २०७९।०२।१७ गते राष्ट्रिय किसान आयोगको आयोजनामा सरोकारवाला निकायहरुसँग कृषि क्षेत्रमा कर्जा प्रवाहको वर्तमान अवस्था सम्बन्धी छलफल तथा अन्तरकृया कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा आयोगका नि.सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो। उक्त बैठकमा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, नेपाल बैकर्स एशोसिएसन, डेभेलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल, नेपाल लघुबित्त बैकर्स एशोशिएसन, साना किसान विकास लघुवित्त वित्तिय संस्था नेपाल,च्याउ उत्पादक किसान संघ नेपाल, विभिन्न किसाम संघ/संगठन/संस्थाबाट प्रमुख/प्रतिनीधिज्यूहरु, कृषक प्रतिनिधि, पत्रकार एवं कर्मचारीको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय विभागका सहयक निर्देशक श्री अस्मिता खनालज्यूले "सहुलियतपूर्ण कृषि कर्जाको हालको अवस्था कानुनी तथा संस्थागत संरचनाहरु तथा भावी कार्यदिशा सम्बन्धी" कार्यपत्र प्रस्तुत गर्नु भयो भने बिभिन्न सहभागीज्यूहरुबाट उक्त कार्यपत्र उपर जिज्ञासा एंव सुझाव राखु भयो।त्यसै गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास बैंक, नेपाल बैकर्स एशोसिएसन, डेभेलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल, नेपाल लघुबित्त बैकर्स एशोसिएसन, साना किसान विकास लघुवित्त वित्तिय संस्था नेपाल, विभिन्न किसान संघ/संगठन/संस्थाहरुका प्रमुख/प्रतिनीधिज्यू, च्याउ उत्पादक किसान संघ नेपाल, कृषक प्रतिनीधि, कृषि विज्ञ डा. भिम बहादुर खत्री र राष्ट्रिय किसान आयोगका पदाधिकारीज्यूहरुबाट कार्यपत्र बारेमा बिभिन्न जिज्ञासा एवं सुझाव राखु भयो।उक्त छलफलको क्रममा राखिएका जिज्ञासाहरुलाई कार्यपत्र प्रस्तोता श्री अस्मिता खनालज्यू बाट स्पष्ट पार्नुभयो।

अन्तमा बैठकका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूले सहभागीहरुबाट आएका सुझावहरुलाई समेटेर लिपिवद्ध गरी अन्तिम प्रतिवेदन तयार गरिने प्रतिवद्दता जाहेर गर्दै नीति निर्माण तहमा राष्ट्रिय किसान आयोगले खेल्ने भुमिका बारे प्रष्ट पार्दै सहभागीलाई धन्यवाद दिइ कार्यक्रमको समापन गर्नु भयो।


सरोकारवाला निकायहरुसँग कृषि क्षेत्रमा
कर्जा प्रवाहको वर्तमान अवस्था सम्बन्धी
छलफल तथा अन्तरक्रिया कार्यक्रम
स्थानः राष्ट्रिय किसान आयोगको सभाहल, कीर्तिपुर
आयोजकः
नेपाल सरकार
www.nfc.gov.np
मितिः २०७९/०२/१७




सरोकारवाला निकायहरूसंग कृषि
कर्जा प्रवाहको वर्तमान अवस्था
छलफल तथा अन्तरक्रिया


सरोकारवाला निकायहरूसंग कृषि क्षेत्रमा
कर्जा प्रवाहको वर्तमान अवस्था सम्बन्धी
छलफल तथा अन्तरक्रिया



